"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७९/८०-१०५ मिति : २०७९/०८/२१

श्रीमान प्रमुख/उप-प्रमुखज्यू
सम्पूर्ण महानगर/उपमहानगर र नगरपालिकाहरु

**बिषय : संघको ८ औं राष्ट्रिय अधिवेशन र दिगो विकास सम्मेलनमा आमन्त्रण बारे ।**

नेपाल नगरपालिका संघको बिधान अनुरुप संघले स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचित सम्पूर्ण महानगर/उपमहानगर र नगरपालिकाका प्रमुख र उप-प्रमुखज्यूहरु एवं नेपाल सरकार, विभिन्न संघसंस्था, दातृसंस्था र सरोकारवालाहरुको सहभागितामा संघको ८ औं राष्ट्रिय अधिवेशन **सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूको प्रमुख आतिथ्यतामा** आयोजना गर्न लागेको व्यहोरा सहर्ष अवगत गराउन चाहन्छौ ।

साथै सो अवसरमा नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न गरेको प्रतिवद्धतालाई स्थानीयकरण गर्ने उद्देश्यले २९३ वटै नगरपालिकाका नवनिर्वाचित नगर प्रमुख/उप-प्रमुखहरु, संबैधानिक आयोग, तहगत सरकारका प्रतिनिधि, साझेदार संस्था, नीजि क्षेत्र र सरोकारवालाहरु सम्मिलित 'Sustainable Cities & Communities' : Goal 11 विषयक राष्ट्रिय सम्मेलन समेत आयोजना गर्न लागेको जानकारी गराउन चाहन्छु । संबिधानको मकसद अनुरुप तहगत सरकार विच सहकारिता र समन्वय, स्थानीय सेवा प्रवाह, स्रोत परिचालन लगायतका विषयमा महत्वपूर्ण अन्तरक्रिया समेत हुने यस कार्यक्रममा सम्पूर्ण नगर प्रमुख तथा उप-प्रमुखज्यूहरुको उपस्थितिको अपेक्षा सहित हार्दिक अनुरोध गर्दछौं । कार्यक्रमको विस्तृत जानकारी र सहभागि रजिष्ट्रेशन संघको वेवसाइट www.muannepal.org.np र मोवाइल एप बाट गर्न सकिने छ ।

**एजेण्डाहरु :**

१. संघको नीति, कार्यक्रम र प्रगति प्रतिवेदन
२. संघको नयाँ कार्य समितिको गठन
३. संघको प्रदेश तदर्थ समितिको अनुमोदन
४. संघ र नगरपालिकाको संस्थागत विकास
५. काठमाडौं घोषणा पत्र
६. विविध

**कार्यक्रम :**
मिति : २०७९ पुष ४ देखि ६ गते सम्म
समय : विहान ०८:०० बजे देखि
स्थान : राष्ट्रिय सभागृह, भृकुटीमण्डप, काठमाण्डौ
सम्पर्क : ज्योति शर्मा ९८४५२४९८८८,
प्रमोद न्याछयों ९८४३१११९३९

कलानिधि दैवकोटा
कार्यकारी निर्देशक

**पुनश्चः सम्पूर्ण सदस्य महानगर/उपमहानगर/नगरपालिकाहरुले राष्ट्रिय अधिबेशन अगावै आर्थिक बर्ष २०७९/८० सम्मको बार्षिक सदस्यता शुल्क चुक्ता गर्नु पर्ने हुँदा सो रकम पठाई दिनु हुन र राष्ट्रिय अधिबेशन प्रवेश शुल्क बापत प्रति नगरपालिका अतिरिक्त रु. १०,००० (दस हजार) कायम गरिएको हुँदा उक्त रकम साथै लिई पाल्नुहुन समेत अनुरोध छ । कार्यक्रम अवधिभर (३ दिन) विहानको नास्ता र दिवा खानाको व्यवस्था आयोजकबाट गरिने छ ।**

**शुल्क सम्बन्धी सम्पर्क :**
ललितमणि आचार्य, कनिष्ठ अधिकृत : ९८४१२७८७११, क्षितिज अर्याल, वित्त अधिकृतः ९८०१११७३६२